तानसेन नगरपालिका

# तानसेन नगरकार्यपालिकाको कार्यालय, पाल्पाको

## ढुङ्गा, गिट्टी, वालुवा ठेक्का सम्वन्धि वोलपत्र/दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०७।२६)

तानसेन नगरपालिका क्षेत्र भित्र पर्ने कालीगण्डकी नदी र तिनाउ खोला क्षेत्रमा पर्ने तल उल्लेखित विभिन्न घाट तथा बगरहरुबाट स्वीकृत IEE प्रतिवेदन भित्र रही आ.व. २०७७/०७८ को बाँकी अवधिका लागि न्यूनतम कबोल अङ्कमा बढाबढ हुने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ र १४, सार्वजनिक खरिद नियमावली २०७७ (दशौं संशोधन) को नियम ३१, ४० र ८४ (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) को (च) तथा लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ उपदफा (२) बमोजिम वोलपत्र/दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएकोछ । योग्य ईच्छुक दर्तावाला फर्म/कम्पनीहरुले वोलपत्र/दरभाउपत्र फारम खरिद गरी आवश्यक कागजात सहित तपसिलको शर्तहरुको अधिनमा रही वोलपत्र/दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

### शर्तहरु :

१. वोलपत्र/दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. **वोलपत्र/दरभाउपत्र फारम खरिद गर्ने मिति** : सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।

३. **सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति** : आ.व. २०७७/०७८ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्रको सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।

४. **वोलपत्र/दरभाउपत्र खोल्ने समय** : सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ बजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०७८ साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

७. दरभाउपत्र/वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा दरभाउपत्रदाता/वोलपत्रदाता/ठेकेदारको हुनेछ ।

८. तोकिएको दर प्रदेश कानुन बमोजिम हुनेछ ।

मधुसुदन घर्ती
अधिकृत स्तर छैठौं तह

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

९. प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को अनुसुची (३) मा उल्लेखित मापदण्डको पूर्ण पालना गर्नू पर्नेछ ।

१०. उठाउने तरिका : नगरपालिकाले तोकेको स्थानमा उठाउने, करको दरको विवरण सबैले देख्ने गरी होर्डिङ वोर्ड राखेर मात्र कर असूल गर्नु पर्नेछ । कर रकम लिए पछि सम्वन्धित करदातालाई नगरपालिकाबाट प्रमाणित गरिएको रसिद अनिवार्य रुपमा दिनु पर्नेछ ।

११. नगरपालिकाबाट लगाइएका आन्तरिक आय ठेक्कामा ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

१२. ठेक्का अवधि कायदिश पाएको मिति देखि २०७८ साल जेष्ठ मसान्त सम्मको लागि मात्र हूने छ ।

१३. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नू पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१४. ठेक्का अंक रकम एकमूष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१५. ठेक्का सम्झौता गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१६. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको विवरण (घाट क्षेत्र) | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | वोलपत्र/दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| TN/ER/ 02/077/078 | तिनाउ खोला सिमलघाट बगर | ६,४९,५३०।०० | रु. १०००।०० | दरभाउपत्र |
| TN/ER/ 03/077/078 | कालीगण्डकी नदीको सिदूर्दी घाट | १०,१३,५७५।०० | रु. १०००।०० | दरभाउपत्र |
| TN/ER/ 04/077/078 | कालीगण्डकी नदीको बेलघारी घाट | ३०,८९,४५०।०० | रु. ३०००।०० | वोलपत्र |
| TN/ER/ 05/077/078 | कालीगण्डकी नदीकोसपलक बगर | ९,८६,७४०।०० | रु. १०००।०० | दरभाउपत्र |
| TN/ER/ 06/077/078 | कालीगण्डकी नदीको छतिवन बगर | ३५,६६,६७०।०० | रु. ३०००।०० | वोलपत्र |
| TN/ER/ 07/077/078 | कालीगण्डकी नदीको जल्दिभिर | १४,९१,४५०।०० | रु. १०००।०० | दरभाउपत्र |
| TN/ER/ 08/077/078 | कालीगण्डकी नदीको दूमैघाट | १९०६,,७४०।०० | रु. १०००।०० | दरभाउपत्र |
| TN/ER/ 09/077/078 | कालीगण्डकी नदीको अर्तुङ्गा बगर | २,१३,३३,६१०।०० | रु. ५०००।०० | वोलपत्र |

०७८।६।१२
मधुसुदन घर्ती
अधिकृत स्तर छैठौं तह

२०७७।०६।१२
प्रमूख प्रशासकीय अधिकृत
तानसेन नगरपालिका
दिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner